## दुई शब्द

# कमैयाको व्यथा र सादामाचुको बेचैनी

२०५७ सालमा साउनको झरीबीच तत्कालीन 'प्रजातान्त्रिक' सरकारले युगीन दासताबाट मुक्ति खोजिरहेका पश्चिम नेपालका हजारौँ नेपालीहरूको सामाजिक आन्दोलनप्रति झोँक फेर्दै कमैया मुक्तिको घोषणा गऱ्यो । सरकारको त्यो मुक्ति घोषणालाई नै अन्तिम लक्ष्य प्राप्तिको रूपमा व्याख्या गर्ने र चर्चामा रमाउने विकासे र अधिकारवादीहरू कति उत्तरदायी थिए भन्ने कुराको सपाट उत्तर सायद पाँच वर्ष पछि पनि खुलाआकाश मुनि बास बस्नु पर्ने बाध्यतामा रहेका हजारौँ कमैया परिवारहरूको अवस्थाले दिन्छ होला । कुनै समयमा आफ्नै पुर्खाहरूले निर्माण गरेका उत्पादनशील खेतका गराहरू छेउ, र हिजोसम्म मालिकको नै भए पनि आफूले खनजोत गरेको खेतहरूभन्दा पर कुनै बुटचानको छेउ पाल टाँगेर बस्दै गरेका कमैयाहरूको मुक्त हुने चाह र तिनीहरू हेलिएको सामाजिक आन्दोलनबारे सादामाचुजीको किताब पढिरहँदा निश्चितरूपमा तिनै घटना परिघटनासँग गाँसिएर धेरै कुराहरूले मस्तिष्कलाई एकै पटक गाँज्दो रहेछ ।

करिब छ वर्ष अघि नै यसै पुस्तकमा समेटिएका कतिपय प्रसङ्ग र सूचनाका आधारमा उहाँकै सदासयमा एउटा पुस्तक तयार भएको थियो । कमैया मुक्तिको

घोषणा हुँदा उक्त पुस्तक धमाधम प्रेसमा छापिँदै थियो, त्यस पुस्तकको अन्तिम अनुच्छेद यस्तो थियो,

> ... यदि सरकार, गैरसरकारी संस्था र अरूहरू कमैयाको बिल्लीबाठप्रति साँच्चै संवेदनशील हुने हो भने वर्तमान असमान र शोषणयुक्त सम्बन्धहरूको अन्त्यतिर लाग्नु पर्दछ । र चूरो कुरा त के हो भने उनीहरूलाई जमिनको हक भोग निश्चित गराउने हो कि अझै अमानवीय, निर्दयी र नारकीय उदार बजारतर्फ धकेलिदिने हो (SPACE 2001) ।

यस परिप्रेक्षमा आज पनि मुक्त कमैयाको समस्यालाई बुझ्ने र त्योभन्दा पनि पर गएर आजको बेथितिको कारण र मुक्तिको पृष्ठभूमि, साथै कमैया परम्परालाई नै पुनः हेर्ने प्रयास गर्नु कुनै अर्थमा असान्दर्भिक ठहर्दैन । आज पनि बिचल्लीमा परेकाहरूको कसरी पुनर्वास गराउने विषयमा यथेष्ट तत्परता देखिन्न । कमैया मुक्तिको घोषणा विचारपूर्वक गरियो वा हतारो निर्णय थियो भन्ने विषयमा नै बढी बहस भएको छ । यस्तो सन्दर्भमा सादामाचुजीको पुस्तक उतिकै सान्दर्भिक र उपयोगी सावित हुन सक्दछ, यद्यपि यो उनको व्यक्तिगत अनुभव र बुझाइका प्रतिबिम्बहरू हुन् । तथापि यो कमैयाहरूप्रतिको उनको व्यक्तिगत धारणा मात्र हैन । बरु उनले व्यक्तिगत अनुभवको माध्यमबाट कमैया परम्परालाई नै ऐतिहासिक सांस्कृतिक पक्षबाट समग्रमा हेर्ने प्रयास गरेका छन् ।

कमैया मुक्तिलाई सफल सामाजिक आन्दोलनको उदाहरणको रूपमा लिन नथाक्ने, उनीहरूको वर्तमान समस्याप्रति बेवास्था गर्ने र अर्कातिर वर्तमानको मात्र कुरा गरेर मुक्तिको घोषणा नै गलत थियो भन्नेहरू पनि छन् । यस्ता पृथक् मान्यताहरूबीच मिहिन विश्लेषणसहित पुस्तकमा समेटिएका कथ्यहरूले कमैया मुक्तिको घोषणा कति सतही र हलुका थियो भन्ने कुराको पनि आभास दिनेछ ।

प्रस्तुत पुस्तक सीमित कालखण्डको नेपालको निश्चित भू-भागमा बसोबास गर्ने खास मानिसहरूको समसामयिक इतिहास त हो । यसलाई एउटा विकासे विज्ञको इमान्दार बकपत्र वा आत्मवृतान्त पनि भन्न सकिएला । विकास राजनीतिमा लागेका धेरैका लागि यो एउटा राम्रो सिकाइ हुन सक्दछ । जसले विशेषतः सहभागितामूलक विकासको कुरा त गर्दछन् तर सहभागितालाई कम भन्दा कम अवरोध वा प्रतिरोधविना बिकाउने *ह्युमन सफ्टवेयर*को रूपमा प्रयोग गर्ने गर्दछन्, उनीहरूको लागि त यो एउटा गतिलो पाठ बन्न सक्दछ ।

दाता वा दात्तृसंस्था र स्थानीय गैरसरकारी संस्थाहरूबीचको सम्बन्धको पहलुहरूलाई पुस्तकमा इमानदारीपूर्ण र खुलस्त बेलीबिस्तार लगाइएको छ। त्यसैले यो पुस्तक गैससको संसार र त्यस भन्दाबाहिर दुवैका लागि उत्तिकै रूपमा रुचिकर हुन सक्दछ। के अरू संस्था, विकास विज्ञहरूले यस्ता प्रसङ्गहरूलाई इमानदारीका साथ बाहिर ल्याउने आँट गर्न सक्लान् ? यसको मतलब सादामाचुले जे बाहिर ल्याए गज्जब गरे भन्नेभन्दा पनि गर्नुपर्ने चाहिँ यस्तै यस्तै हो। यस्तो कार्यले व्यक्ति वा समूहको हकमा आवश्यक श्रृजनशीलता र प्रतिबद्धताको कमी हो कि भन्ने जिज्ञासा अगाडि राख्न सकिन्छ।

प्रस्तुत पुस्तक पढिरहँदा छोड्नै मन नलाग्ने एकखाले हुटहुटि पैदा भइरह्यो। यसो हुनुमा निश्चित सन्दर्भ जिम्मेवार हुन सक्दछ। म पुस्तकमा बयान गरिएका सबै जसो व्यक्ति, धेरै संस्थाहरू, अधिकाङ्श प्रसङ्ग र विषयहरू अनि उक्त भौगोलिक क्षेत्र र सामाजिक सांस्कृतिक सन्दर्भहरूसँग परिचित भएका कारण पनि यस पुस्तक मलाई बढी नै रुचिकर लागेको हुन सक्दछ। तर एउटा पाठकले पुस्तक पढ्दै जाँदा आफूलाई साहित्यको पाठक जस्तो र विकास प्रक्रिया बुझ्न इच्छुक विद्यार्थीको रूपमा पनि पाउन सक्दछ। सादामाचुले कतिपय आफ्ना नितान्त निजी प्रसङ्गहरूलाई पनि बढो ढङ्गपूर्वक उल्लेख गर्नुभएको छ। यसले पुस्तकको प्रासङ्गिकता, पठनियता, आधिकारिकता, र निजत्वमा अझै बढी बल पुऱ्याएको छ। साथै यस पुस्तकलाई निश्चितरूपमा रुचिकर बनाएको छ।

सारमा भन्दा स्थानीय विकासको लागि मौलिक बान्कीको अनिवार्यतालाई घचघच्याउन र उत्प्रेरित गर्न यो पुस्तक कति उद्यत हुन्छ, त्यसैमा यसको सफलता निहित छ। पुस्तकमा हुनु पर्ने र गर्न सकिने धेरै कुराहरू निश्चितरूपमा छ, तर यो यस प्रकृतिको पहिलो (?) वा ज्यादै कममा पर्ने भएका कारण निरपेक्षरूपमा पुस्तकको कमीकमजोरी केलाउनुको सार्थकता धेरै नरहला। यसको अर्थ यो होइन कि यसका कमीकमजोरीहरूलाई हेर्नु आवश्यक छैन। तर म व्यक्तिगत रूपमा त्यसमा धेरै रुचि राख्दिन। यो मेरो व्यक्तिगत स्वभाव पनि हुन सक्दछ, चाहना पनि। विज्ञहरूले यसबारे पछि समालोचनात्मक चर्चा गर्ने नै छन्। मेरो चाहिँ शुभकामना।

सुरेश ढकाल<br>काठमाडौं